# NextGen एमाले : जनतातर्फ, जरातर्फ !

आज नेकपा (एमाले) इतिहासको एक अत्यन्तै कठिन मोडमा उभिएको छ भन्ने तथ्य निर्विवाद छ । राजनीतिक पार्टीहरुको जीवनमा यस्तो संकट आईपर्नु अनौठो भने होइन । संकट र चुनौतीहरुलाई कुन रुपमा ग्रहण गरियो र त्यसलाई कसरी सामना गरियो भन्ने कुरा चाहिँ अत्यन्तै महत्वपूर्ण हुन्छ । तसर्थ आज एक मुख्य राजनीतिक संगठनका रुपमा हाम्रासामु केही अस्तीत्वगत (existential) प्रश्नहरु छन् । हामी ऐतिहासिक आवश्यकताको यस घडीमा वस्तुगत यथार्थलाई समयसापेक्ष रूपमा ग्रहण गर्न सक्छौ वा सक्दैनौ ? हामी नवोदित तथ्यहरूको आलोकमा आफ्ना नीति, नेतृत्व, संगठन, कार्यक्रम तथा कार्यशैलीलाई अद्यावधिक, रूपान्तरण र पुनर्गठन गर्न सक्ने साहस र कौशल देखाउछौं वा देखाउदैनौं ?

राजनीतिक दलहरूको भविष्य, उनीहरूप्रतिको जनविश्वास, र समग्र राजनीतिक सान्दर्भिकता यस्तै निर्णायक क्षणहरूमा लिइने दूरदर्शी र साहसिक निर्णयहरूले निर्धारण गर्दछन् । इतिहासले बारम्बार देखाएको छ संकटको बेला जसले समयको बदलिँदो यथार्थलाई गहिराइका साथ बुझ्छ र आत्मसात् गर्न सक्छ, उसैले पुनर्जागरण र पुनरोदयको यात्रा तय गर्नसक्छ ।

नेकपा (एमाले) को उदय पनि यस्तै एक ऐतिहासिक आवश्यकताको घडीमा साहसिक र गतिशील निर्णयमार्फत भएको थियो । शीतयुद्धको अन्त्य तथा सोभियत संघको विघटनपश्चात विश्वभर कम्युनिष्ट पार्टीको सान्दर्भिकता र औचित्यमाथि प्रश्न उठिरहेको बेला नेपालमा जननेता मदन भण्डारीको वैचारिक, राजनीतिक र सांगठनिक अगुवाईमा जनताको बहुदलीय जनवाद जस्तो युगान्तकारी अवधारणा विकास गरियो । यसले लोकतन्त्रका आधारभूत मान्यताहरूलाई वामपन्थी विचारको परिपूरकको रूपमा ग्रहण गर्दै परम्परागत वामपन्थी धारामै ऐतिहासिक विकास गर्दै आन्दोलनलाई नयाँ उचाईमा पुचायो । त्यसैको जगमा नेकपा (एमाले) ले आफूलाई आजपर्यत्न नेपाली राजनीतिको एक महत्वपूर्ण शक्तिका रूपमा उभ्याउन सफल भएको हो । यदि उक्त कठिन ऐतिहासिक मोडमा परम्परागत वामपन्थी विचारधारालाई जनताको बहुदलीय जनवाद जस्तो गतिशील कायकम मार्फत अझ समृद्ध, सुदृढ र प्रभावशाली बनाउने साहस र सुझबुझ नदेखाईएको भए नेकपा (एमाले) र समग्र वामपन्थी आन्दोलनको अस्तित्व नै संकटमा पर्न सक्थ्यो । तसर्थ काल र परिस्थितिमा भएको परिवर्तनलाई आत्मसात् गर्दै आफ्ना आधारभूत सिदान्त र उदेश्यलाई प्राप्त गर्न वस्तुगत रूपमा अद्यावधिक हुन तयार रहनु प्रत्येक गतिशील संगठनको सान्दर्भिकता र निरन्तर विकासका लागि अनिवार्य शर्त हो ।

आज फेरि नेकपा (एमाले) त्यस्तै अर्को ऐतिहासिक मोडमा उभिएको छ । **तर यसपटक पार्टीको अगाडि वैचारिक र सैदान्तिक भन्दा पनि नीतिगत, कार्यशैलीगत र सांगठनिक चुनौतीहरु छन् ।** यो क्षणले पार्टीको मौलिक चरित्रअनुसारको क्रान्तिकारी रूपान्तरण, पुनर्गठन र पुनर्जागरणको माग गरिरहेको छ । यस क्षणमा हामी बदलिँदो समाजको आवश्यकता, आकांक्षा र अपेक्षा अनुरुप वास्तवमै जबजका अनुयायीका रुपमा गतिशील भएर मुलुक र आन्दोलनको नेतृत्व गर्छौ वा लाछी भएर पार्टी र आन्दोलनले खोजेको कान्तिकारी रुपान्तरणको बाधक बन्छौं भन्ने अहम् प्रश्न हाम्रासामु रहेको छ ।

यस अवस्थामा पार्टी कसरी पुग्यो भन्नेबारे आम जनमानस, बौद्धिक वर्ग, नेता-कार्यकर्ता लगायतको ठुलो पंक्तिमा विचार-विमर्श भईरहेको छ । विशेषगरी यो पार्टीलाई कसरी रुपान्तरण, पुनगठन तथा पुनर्जागरण गर्ने ? यो पार्टीले आगामी दिनमा कस्ता नीति अवलम्बन गर्ने ? सांगठनिक संरचनामा के कस्ता परिवर्तन ल्याउने ? जनसंगठन र पार्टीको सम्बन्ध कस्तो हुने ? सूचना प्रविधिको तिव्र विकास तथा भूमण्डलीकरणको युगमा पार्टीमा नयाँ पुस्तालाई कसरी आकर्षित गर्ने ? लगायतका थुप्रै प्रश्नमा अहिले छलफल भईरहेको छ ।

गत २०८२ फागुन २१ भएको आमचुनावमा लज्जास्पद पराजय बेहोरेपछि पार्टीका आधिकारिक फोरममा यस्ता विषयमा गम्भीर समीक्षा हुन आवश्यक छ । जानकारीमा आएअनुसार मातहत कमिटीहरु हुदै केन्द्रीय कमिटीसम्मले समीक्षा गर्नेनैछन् । **तर पछिल्लोपटक पार्टीभित्र खुला र तर्कपूर्ण छलफल, बहस र विमर्श गरेर प्रगतिशील निचोडमा पुग्ने वामपन्थी परम्परामा गम्भीर सङ्कुचन आएको छ । तसर्थ कमिटीगत समीक्षाहरुप्रति आमरुपमा व्यापक शंका देखिन्छ ।**

आज जसरी नेकपा (एमाले) ले बेहोरिरहेको संकट अभूतपूर्व र गम्भीर छ, त्यसरी नै यसको समीक्षामा पनि त्यहीँ गाम्भीर्यता झल्किन आवश्यक छ । **यस्तो समीक्षा केवल औपचारिक प्रक्रियामा सीमित नरही खुला, पारदर्शी र सहभागितामूलक हुनुपर्छ ।**

यसैले यसपटक पार्टीले समीक्षा प्रक्रियालाई केन्द्रीय कमिटी वा महाधिवेशनको घेराभन्दा बाहिर लैजानुपर्छ । आम कार्यकर्ता, शुभचिन्तक र नागरिक समाजबाट सुझाव संकलन गर्ने प्रणाली विकास गर्नुपर्छ । विश्वभरका आधुनिक राजनीतिक दलहरूले **'ओपन कन्सल्टेशन'**, **'पब्लिक फिडब्याक'** र **'पार्टी-समाज संवाद'**लाई संस्थागत गरिरहेका छन्, जसले निर्णय प्रक्रियालाई विश्वसनीय, लोकतान्त्रिक र प्रभावकारी बनाएको छ । तसर्थ यसपटक नेकपा (एमाले) ले समीक्षामा आम जनता र नागरिक समाजको सहभागीता खोज्नुपर्दछ, परिभाषित जिम्मेवारी र कमिटीभन्दा बाहिर रहेका आम कार्यकर्ता, शुभचिन्तकहरुको सल्लाह-सुझावको माग गर्नुपर्दछ ।

तसर्थ, यही समीक्षा र बहसलाई अगाडि बढाउने उदेश्यसहित हामीले यो छलफल पत्र प्रस्तुत गरेका छौं । यसमा पार्टीको पुनर्जागरणका लागि **तीन आधार र १५ वटा नीतिगत सुधारहरू** प्रस्ताव गरिएको छ, जसको उद्देश्य पार्टीलाई थप लोकतान्त्रिक, उत्तरदायी, जनमुखी र प्रभावकारी बनाउनु हो । यस छलफल पत्रमा हामीले आज पार्टीको पुनर्जागरणका लागि आवश्यक पर्ने न्यूनतम नीतिगत सुधारहरुमा मात्र केन्द्रीत भएका छौं र उक्त नीतिहरुको आवश्यकताबारे आधारभूत तर्कहरु (rationales) मात्र पेश गरेका छौं । तसर्थ, यसमा हामी गहन वैचारिक र राजनीतिक मन्थनमा प्रवेश नगरेता पनि प्रस्तावित आधार र नीतिहरु जनताको बहुदलीय जनवाद (जबज) र लोकतन्त्रका आधारभूत मूल्यमान्यतामा आधारित छन् । आधुनिक चिनका निर्माता कमरेड देङ सायो पिङले भनेझैं 'मनलाई मुक्त गर्दै, तथ्यहरुबाट सत्य खोज्ने' प्रयत्न गर्नु नेकपा (एमाले) का प्रत्यक सदस्यको कर्तव्य हो । यो छलफलका लागि मात्र छलफल नभई, हाम्रो पार्टी र आन्दोलनको पुनर्जागरणको लागि अपिरहार्य आवश्यकता समेत हो । यसर्थ, हामी सम्पूर्ण कमरेडहरुलाई यस छलफलमा सकिय सहभागिता जनाउन हार्दिक अनुरोध समेत गर्दछौँ ।

यस अभियानले एमालेलाई तीन आधारभूत दिशामा पुनर्जागृत गर्नुपर्ने मान्यता राख्छ जसको सार '**NextGen एमाले : जनतातर्फ, जरातर्फ !**' रहेको छ ।

**प्रथमतः रुपान्तरणसहितको पुस्तान्तरण (NextGen Transformation)**

अबको एमाले राजनीतिक, वैचारिक र सांगठनिक रुपमा NextGen एमाले हुनुपर्छ अर्थात रुपान्तरणसहित पुस्तान्तरित हुनुपर्छ । यो पुस्तान्तरण केवल एउटा व्यक्तिको ठाउँमा अर्को व्यक्ति आउने अथवा एउटा उमेर समूहको ठाउँमा अर्को उमेर समूह आउदैमा हुदैन । यो पुस्तान्तरण त पार्टीको समग्र राजनीतिक, वैचारिक र सांगठनिक स्वरुपमा प्रतिविम्बित हुनुपर्दछ । अब हाम्रो वैचारिक धरातल, राजनीतिक कार्यक्रम र सांगठनिक संरचनाले अहिलेका चुनौतीहरुको सामना गर्न सक्नुपर्छ, जनआकांक्षा र जनअपेक्षालाई सम्बोधन गर्न सक्नुपर्छ । तसर्थ अबको एमाले सम्पूर्ण ढंगले परिष्कृत र अद्यावधिक भएको NextGen एमाले हुनुपर्दछ जसका लागि आवश्यक नीतिगत सुधारहरु अगाडि प्रस्ताव गरिएका छन् ।

**दोस्रोः जनतातर्फ फर्किने (Return to People)**

अब एमालेले विगतका आफ्ना सबै कमीकमजोरीप्रति माफी माग्दै जनतातर्फ फर्किनपर्छ । अब कुनै पनि बहानाबाजीमा जनमतलाई इन्कार गर्ने दुष्प्रयत्न र गलत व्याख्या विश्लेषण गर्नहुदैन । अरु कसैलाई दोष लगाएर फागुन २१ मा अभिव्यक्त भएको जनमतलाई नजरअन्दाज गर्नु जबजको घोर अपमान हो । अब एमालेले विभिन्न औपचारिक तथा अनौपचारिक फोरममार्फत अभिव्यक्त हुने जनताको आवाजलाई आफ्नो राजनीतिक कार्यक्रमको मूल आधार बनाउनुपर्छ र विशेषतः युवाहरुको भावनाको सम्बोधन गर्नतर्फ अग्रसरता लिनुपर्छ । कुनै समय आम युवाहरुको भावनाको सशक्त प्रतिनिधिका रुपमा परिचित हाम्रो पार्टी कसरी पछिल्लो समय नवयुवाहरुको अपेक्षा, सपना र आवाज बन्न सकेन ? गम्भीर आत्ममूल्यांकन गर्न आवश्यक छ ।

अब हामीले जनताको आवश्यकता, अपेक्षा र आकांक्षाहरुलाई हाम्रो आन्दोलनको मुद्धा बनाउन पर्छ । जनआकांक्षा अनुरुप सरकारलाई सुशासन, सर्भिस डेलिभरी, समृद्धि, नागरिक अधिकार र लोकतन्त्रको संर्वधनप्रति जवाफदेही बनाउनुपर्छ ।

**तेस्रोः जरातर्फ फर्किने (Return to grassroots)**

यसपटक पार्टीले सम्प्रेषण गर्न खोजेको भाष्य र नेताहरुको कार्यशैलीसंग भुईतहका कार्यकर्ता र शुभचिन्तकले धेरै हदसम्म असमञ्जस महसुस गरेका कारण पार्टीले ठुलो जनमत गुमाउन पुग्यो । अब एमाले वास्तवमै जरातर्फ फर्किन पर्छ अर्थात भुईतहमा रहेका कार्यकर्ता, शुभचिन्तक र समुदायका भावना सुन्नपर्छ र प्रत्यक्ष सम्बन्ध स्थापित गर्नपर्छ । अब अहिलेको युग सुहाउदो खुल्ला समाज र सहभागितामूलक लोकतान्त्रिक संस्कारअनुरुप कार्यकर्ता, शुभचिन्तक र समुदायको भावनालाई उच्च मान्यता दिने नीतिहरु अख्तियार गर्नपर्दछ । सीमित नेताहरुले निर्णय गर्ने र भुईतहमा रहेका कार्यकर्ता, शुभचिन्तक र समुदायले त्यसैलाई 'मान्दिनुपर्ने' परिपाटीको अन्त्य गर्नपर्छ ।

नीतिगत सुधारहरु :

१. अधिकतम दुई कार्यकालको व्यवस्था

राजनीति मूलतः सेवा हो, र नेतृत्वको आवधिक परिवर्तन लोकतन्त्रको प्राण हो । एउटै व्यक्तिले लामो समयसम्म नेतृत्व सम्हालिरहँदा निर्णय प्रक्रिया क्रमशः सीमित र व्यक्तिकेन्द्रित बन्ने, नयाँ नेतृत्वको विकास अवरुद्ध हुने तथा संस्थागत गतिशीलता कमजोर हुँदै जाने जोखिम बढ्छ । त्यसैले सबै तहका कार्यकारी पदहरूमा अधिकतम दुई कार्यकालको स्पष्ट र बाध्यकारी व्यवस्था लागू गर्नु अत्यावश्यक छ । यसले नेतृत्व हस्तान्तरणलाई नियमित, पूर्वाअनुमानयोग्य र संस्थागत बनाउँदै स्वस्थ प्रतिस्पर्धाको वातावरण निर्माण गर्नेछ ।

यसका साथै, यस्तो व्यवस्थाले जीवनपर्यन्त सत्तामा रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै 'राजनीति सेवा हो' भन्ने मूल मान्यतालाई व्यवहारमा रूपान्तरण गर्न सहयोग पुऱ्याउँछ । राजनीतिबाट स्वेच्छिक अवकाश लिने परिपाटी नभएको हाम्रो जस्तो राजनीतिक परिवेशमा यस्तो व्यवस्था अनिवार्य छ। आवश्यकताअनुसार राजनीतिमा सक्रिय हुने र अन्य समयमा आफ्नो पेशा-व्यवसायमा संलग्न रहने संस्कारको विकास भई, समाजसँग जोडिएको उत्तरदायी नेतृत्व विकासमा टेवा पुग्नेछ । यसले वर्तमान नेपाली राजनीतिक परिवेशमा देखिएका पदलोलुपता, अवसरवाद र संस्थागत जडता जस्ता अनेक विकृतिहरूलाई न्यूनिकरण गर्न महत्वपूर्ण योगदान दिनेछ ।

यसै सन्दर्भमा, पार्टी विधानमा पूर्ववत् रहेको 'पालिका वा सोभन्दा माथिल्लो कमिटीमा पदाधिकारीको हैसियतमा कार्यरत कुनै पनि व्यक्ति एउटै तह र एउटै पदमा दुईपटकभन्दा बढी उम्मेदवार हुन नपाउने' भन्ने प्रगतिशील व्यवस्था दशौं महाधिवेशनद्वारा पर्याप्त वैचारिक बहस र स्पष्ट औचित्य बिना हटाइनु गम्भीर कमजोरीका रूपमा देखिएको छ। यसलाई सच्याउँदै आगामी वैधानिक फोरममार्फत उक्त प्रावधान पुनर्स्थापित गर्नु समयको आवश्यकता हो ।

२. जनसंगठनमा वैचारिक सामीप्यता, सांगठनिक स्वायत्तता

नेकपा (एमाले) ले विभिन्न वर्ग र समुदायका मुद्धाहरु प्रभावकारी ढंगले उठान गर्न विभिन्न जनसंगठनहरु निमार्ण गरेको छ तर पछिल्ला वर्षहरुमा यी संगठनहरुले आफ्ना स्थापनाकालीन उद्देश्यहरूलाई हासिल गर्नमा भन्दा नेतृत्वको रक्षा गर्नमा आफ्नो सम्पूर्ण शक्ति लगाएको अनुभूति आम जनताले महसुस गरेका छन् । जनसंगठनहरूलाई केवल पार्टीको विस्तार होइन, समाजसँग संवाद गर्ने स्वतन्त्र मञ्च बनाइनुपर्छ ।

आजको सामाजिक, राजनीतिक र प्रविधिमैत्री परिवेशमा यी जनसंगठनहरुको दायरा लक्षित समुदायमा विस्तार गर्नु अत्यावश्यक छ। यसका लागि संगठनमा आवद्ध हुन कुनै राजनीतिक पूर्वशर्त नराखी स्वतन्त्र युवा तथा व्यक्तिहरुलाई पनि सहज रूपमा सदस्य बन्न प्रेरित गर्नुपर्छ र संगठनको सार्वजनिक छविसमेत त्यसैअनुरूप विकास गर्नुपर्छ । यसका लागि 'पार्टीसँग वैचारिक सामीप्यता र सांगठनिक स्वायत्तता'को स्थापनाकालीन नीतिलाई अवलम्बन गरिनुपर्छ ।

यस विषयमा कमरेड मदन भण्डारीले भन्नुभएको कुरा मननयोग्य छ- 'आफ्नो वर्ग र पेशाको हितमा आवश्यक परेको खण्डमा प्रजातान्त्रिक ढङ्गले पार्टीको नीतिभन्दा फरक मत राख्ने र त्यसअनुसार काम गर्ने स्वतन्त्रता जनवर्गीय संगठनलाई दिनुपर्छ' (मदन भण्डारीको संकलित रचनाहरू पृ. १२३) । यसो गरेमा मात्र मुद्धाकेन्द्रीत भएर विभिन्न जनसंगठनहरुको औचित्य प्रमाणित हुन्छ ।

विशेष गरेर हामीले युवा र विद्यार्थीहरुमा किन नेकपा (एमाले) प्रति विर्कषण छ भन्नेबारे गम्भीर हुन आवश्यक छ। तसर्थ, जनसंगठनमा वैचारिक सामीप्यता, सांगठनिक स्वायत्तता लागु गर्दा नेकपा एमालेसँग नजोडिएका युवा तथा विद्यार्थीहरू पनि कुनै धक नमानिकन हाम्रो संगठनको गतिविधिमा संलग्न हुने आधार तय गर्नेछ, जसले गर्दा आमयुवासँगको विद्यमान 'communication gap' घट्नेछ। यसका लागि सबै तहका कमिटीहरूमा यस्ता युवाहरूको सहभागिता सुनिश्चित गर्ने वैधानिक आधार तयार गरिनुपर्छ ।

## ३. निर्वाचन पराजयको अनिवार्य जवाफदेहिता

विश्वभर उन्नत लोकतान्त्रिक अभ्यास भएका देशहरुमा आम चुनावमा हारपश्चात उक्त दलको नेताले राजीनामा दिएर मार्गप्रशस्त गर्ने सामान्य राजनीतिक परिपाटी हो । यस परिपाटीले संस्थालाई व्यक्तिभन्दा माथि राख्छ । यसले चुनावी पराजयपश्चात पार्टीलाई वस्तुपरक समीक्षा गर्न, कमीकमजोरी केलाउन र नवीन ढंगले पुनर्जागृत हुने बाटो खुला गर्दछ । हारपछि नेतृत्वले जिम्मेवारी लिनु लोकतान्त्रिक संस्कारको आधार पनि हो । यसले नेतृत्वलाई उत्तरदायी बनाउँछ र संस्थालाई व्यक्तिनिर्भर हुनबाट जोगाउँछ ।

तर नेपालमा भने तीन दशक भन्दा लामो संसदीय अभ्यासको क्रममा समेत उक्त सामान्य राजनीतिक संस्कार विकास भएको देखिदैन जसले दलहरु मात्र हैन मुलुकको लोकतान्त्रिक परिपाटीमाथि नै प्रश्न चिन्ह खडा गरेको छ। तसर्थ निर्वाचन पराजयपश्चात नेतृत्वले नैतिक तथा राजनीतिक जिम्मेवारी लिनुपर्ने व्यवस्था विधानमै सुनिश्चित गर्नुपर्छ ।

## ४. अनुसन्धानमा आधारित नीति र कार्ययोजना

तथ्य, डेटा र अनुसन्धान बिना बनाइएका नीतिहरू प्रभावकारी हुँदैनन् । पार्टीले नियमित जनमत सर्वेक्षण, डेटा विश्लेषण र नीति अनुसन्धानलाई संस्थागत गर्नुपर्छ । पार्टीका नीति तथा कार्ययोजनाहरु अध्ययन र अनुसन्धानमा आधारित हुन आवश्यक छ । तसर्थ पार्टीले आगामी दिनहरुमा कार्यक्रम, योजना र नीतिहरु तय गर्दा अध्ययन र अनुसन्धान गर्न आवश्यक छ । यसका लागि हालको नीति अध्ययन प्रतिष्ठानलाई पूर्ण रुपान्तरण गरि स्वतन्त्र अध्यता र अनुसन्धानकर्ताहरुसहितको व्यवसायीक संस्थाका रुपमा विकास गर्नपर्छ ।

यसका साथै पार्टी तथा उम्मेदवारहरुले प्रत्येक निर्वाचनमा सहभागी हुनुपूर्व अनिवार्य सर्वेक्षण तथा अध्ययन गर्ने परिपाटीको विकास गर्न आवश्यक छ। उक्त कार्यहरु समेत अनिवार्य रुपमा नीति अध्ययन प्रतिष्ठानले गर्ने व्यवस्था गर्नपर्छ । हामीले अन्य दलहरुभन्दा पृथक, प्रतिस्पर्धी र जनमुखी संगठनको परिचय बनाउन तत् अनुसारका नीति र कार्यक्रमहरु अध्ययन र अनुसन्धान गरेर तय गर्नुपर्छ ।

## ५. कार्यकर्ताको प्रत्यक्ष मतदानबाट पार्टी नेतृत्व

पार्टीका महाधिवेशन तथा अधिवेशनहरूमा प्रतिनिधिहरूको माध्यमबाट नेतृत्व चयन गर्ने वर्तमान प्रणाली सैद्धान्तिक रूपमा संगठित सदस्यहरूको भावनालाई परोक्ष रूपमा प्रतिनिधिहरूमार्फत प्रतिनिधित्व गर्ने उद्देश्यले स्थापित गरिएको हो । तर व्यवहारमा प्रतिनिधिहरूको संख्या सीमित हुने, उनीहरूमाथि विभिन्न प्रकारका प्रभाव र दबाब सिर्जना हुन सक्ने तथा स्रोत-साधनको दुरुपयोगमार्फत निर्णय प्रक्रियालाई प्रभावित पार्ने सम्भावना उच्च रहने गरेको छ । विगतका अनेक उदाहरणहरूले देखाएका छन् कि यस्तो प्रणालीले वास्तविक कार्यकर्ताको भावना भन्दा फरक परिणाम दिने उच्च सम्भावना रहन्छ ।

यसबाहेक प्रतिनिधिमार्फत गरिने चयन प्रक्रियाले सदस्यहरूको भावनालाई पूर्ण रूपमा प्रतिबिम्बित गर्न नसक्ने समस्या पनि देखिएको छ । पछिल्लो समय केही प्रभावशाली नेताहरूले आफूअनुकूल प्रतिनिधि चयन गराएर पार्टी संरचना र नेतृत्वलाई नियन्त्रण गर्ने प्रवृत्ति बढ्दै गएको भन्दै पार्टीभित्रै असन्तोष देखिन्छ । यस्तो अवस्थाले आन्तरिक लोकतन्त्रलाई कमजोर बनाउने मात्र होइन, कार्यकर्ताहरूमा निराशा र पलायन समेत बढाउने जोखिम उत्पन्न गरेको छ ।

यस सन्दर्भमा आजको प्रविधिमैत्री युगले प्रदान गरेका अवसरहरूको उपयोग गर्दै पार्टीभित्रको लोकतान्त्रिक अभ्यासलाई थप गहिरो र व्यापक बनाउनु आवश्यक भएको छ । कार्यकर्ताको प्रत्यक्ष मतदानमार्फत नेतृत्व चयन गर्ने व्यवस्था लागू गरिएमा प्रत्येक सदस्यले आफ्नो मतमार्फत नेतृत्व निर्माणमा प्रत्यक्ष भूमिका खेल्न पाउनेछ । यसले नेतृत्वको वैधता र जनाधारलाई मजबुत बनाउनेछ र नेतृत्वलाई समेत केही सीमित अगुवा नेताभन्दा आम कार्यकर्ताप्रति जवाफदेही बनाउनेछ ।

प्रत्यक्ष मतदान प्रणालीले गुटबन्दी, लेनदेन र प्रतिनिधि-केन्द्रित विकृतिहरूलाई न्यूनिकरण गर्दै योग्यता, दृष्टिकोण र कार्यसम्पादनका आधारमा नेतृत्व चयन हुने वातावरण सिर्जना गर्नेछ । साथै, यसले पार्टीभित्र प्रतिस्पर्धालाई स्वस्थ, खुला र फराकिलो बनाउँदै नयाँ तथा सक्षम नेतृत्व उदयका लागि मार्ग प्रशस्त गर्नेछ ।

तसर्थ, अब सबै तहका अधिवेशनहरूमा संगठित सदस्यहरूको प्रत्यक्ष मतदानबाट नेतृत्व चयन गर्ने व्यवस्था लागू गर्नपर्छ । यसले केवल एक नीतिगत सुधारको रुपमा मात्र नभई पार्टी नेतृत्वलाई सुदृढ, जीवन्त र जवाफदेही बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।

## ६. ल्याटरल इन्ट्रीको व्यवस्था

आधुनिक राजनीतिक दलहरूमा विभिन्न पेशा, क्षेत्र र ज्ञानबाट आएका व्यक्तिहरूलाई समावेश गर्ने अभ्यास बढ्दो छ । यसले नीतिनिर्माणलाई गुणस्तरीय बनाउँछ । विभिन्न क्षेत्रमा महत्वपूर्ण अनुभव भएका, पार्टी कमिटी वा पार्टीसंग जोडिएर काम नगरेका तर सक्षम, योग्य र इमानदार व्यक्तिहरुलाई सोझै पार्टीका विभिन्न भूमिका तथा निर्वाचनमा उम्मेदवार हुन पार्टीका सबै कमिटीमा ल्याटरल इन्ट्रीको व्यवस्था लागु गरिनुपर्दछ । यसका लागि निश्चित कोटा तोकेर जान आवश्यक रहेको छ । यसले पार्टीका कमिटी

र जिम्मेवारी नभएपनि पार्टीको विचार, सिदान्त र नीतिको पैरवी गर्ने र जनहितमा काम गर्नसक्ने व्यक्तिहरुका लागि पार्टीको ढोका सदैव खुला छ भन्ने मान्यता स्थापित गर्छ ।

### ७. अनिवार्य प्राईमेरीको व्यवस्था

उम्मेदवार छनोटमा सदस्यहरूको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्नुपर्छ। प्राइमरी प्रणालीले उम्मेदवारलाई जनताप्रति उत्तरदायी बनाउँछ र आन्तरिक लोकतन्त्र सुदृढ गर्छ ।

पार्टीमा माथिल्लो नेतृत्वले स्वमूल्यांकनका आधारमा चुनावहरुमा टिकट वितरण गर्ने परिपाटीले चुनाव लड्ने आकांक्षा भएका नेताहरुले जनता र कार्यकर्ता भन्दा माथिल्ला नेताहरुलाई रिझाउनमा केन्द्रीत हुने प्रवृत्ति मौलाएको छ । यसका साथै माथिबाट टिकट दिने परिपाटी आफैमा लोकतान्त्रिक मूल्यमान्यताको विपरित छ । तसर्थ पार्टीमा अनिवार्य प्राईमेरीको व्यवस्था हुन आवश्यक छ जस अन्तर्गत सम्बन्धित निर्वाचन क्षेत्रका पार्टी सदस्यले मतदान गरेर पार्टीको तर्फबाट उम्मेदवार तय गर्नेछन् ।

यसका लागि निर्वाचनभन्दा पर्याप्त समय अगावै आकांक्षीहरुले जानकारी दिनुपर्ने तथा उनीहरुले आफ्नो योजना सार्वजनिक गर्नुपर्ने व्यवस्था गर्नपर्छ। पार्टीले यसै समयमा सर्वेक्षण गरेर कुन उम्मेदवार उठाउदा जीत्ने सम्भावना छ भनेर समेत वैज्ञानीक आधार तय गर्ने समय पाउँछ। साथै, उम्मेदवारबिच आवश्यक सहमती निकाल्न र त्यसो नभएमा प्राईमेरी गर्न समेत पर्याप्त समय पाउँछ र पार्टीको तर्फबाट हुने उम्मेदवारलाई समेत निर्वाचनको तयारी गर्न पर्याप्त समय उपलब्ध हुन्छ ।

### ८. पिरामिड शैलीका कमिटीगत संरचनाहरु

पार्टीका प्रत्येक कमिटीहरुको संरचनालाई चुस्त, प्रभावकारी र ऊर्जाशील बनाउन अनुभव, योग्यता, क्षमता र ऊर्जाबीचको सन्तुलित संयोजन अनिवार्य हुन्छ। कुनै पनि संगठन दीर्घकालीन रूपमा गतिशील र प्रतिस्पर्धी बन्न त्यसले पुस्तान्तरणलाई स्वाभाविक, व्यवस्थित र वैज्ञानिक ढंगले तर्जुमा गर्न सक्नुपर्छ। त्यसैले पार्टीभित्र यस्तो नेतृत्व विकास प्रणाली लागू गर्न अत्यावश्यक छ, जसले अग्रजहरुको अनुभव र संस्थागत स्मृतिको सम्मान गर्दै युवाहरुको ऊर्जा, नवीन सोच र कार्यक्षमताको अधिकतम उपयोग सुनिश्चित गरोस् ।

यसका लागि उमेर समूहअनुसार पिरामिड शैलीमा कमिटीहरुको पुनर्संरचना गर्नु एक व्यवहारिक र प्रभावकारी उपाय हुन सक्छ। पिरामिडको आधारमा व्यापक रूपमा युवाहरुको सशक्त उपस्थिति रहोस्, जसले संगठनलाई निरन्तर गतिशीलता र उर्जा प्रदान गर्छ र माथिल्लो तहमा क्रमशः अनुभवसहितका अग्रजहरुको प्रतिनिधित्व रहोस्, जसले नीति-निर्माणमा स्थिरता, परिपक्वता र रणनीतिक दृष्टिकोण दिन सकोस्। यस्तो संरचनाले ऊर्जा र अनुभवबीचको सहकार्यको वातावरण सिर्जना गर्छ।

विशेषतः हाम्रो जस्तो राजनीतिक संस्कृतिमा जहाँ स्वेच्छिक अवकाशको परिपाटी कमजोर छ, केवल स्वाभाविक प्रक्रियाबाट पुस्तान्तरण सम्भव हुँदैन । त्यसैले उमेर समूहअनुसार निश्चित प्रतिनिधित्वको

व्यवस्था गर्नु अपरिहार्य आवश्यकता हो । यसले संरचनात्मक असन्तुलनलाई सच्याउँदै नेतृत्व तहलाई लोकतान्त्रिक र समावेशी बनाउँछ ।

२०७८ सालको जनगणनाअनुसार नेपालमा १६-४० वर्ष उमेर समूहको जनसंख्या ४२.५६% रहेको तथ्यले देखाउँछ कि युवाहरु देशको सबैभन्दा ठूलो जनसांख्यिक शक्ति हुन् । तर यही समूहको प्रतिनिधित्व पार्टीका कार्यकारी संरचनाहरु, विशेषतः केन्द्रीय कमिटीमा उल्लेखनीय रूपमा न्यून रहनु गम्भीर असन्तुलन हो । आम युवाहरुमा पार्टीप्रति अपनत्वको भावना कमजोर हुनु पछाडिको एक महत्वपूर्ण कारण यो समेत हो ।

यस परिप्रेक्ष्यमा ४० वर्षभन्दा मुनीका उमेर समूहका लागि केन्द्रीय कमिटीमा न्यूनतम ४० प्रतिशत र मातहतका कमिटीहरुमा न्यूनतम ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्नपर्छ । यसले एकातिर युवाहरुलाई नेतृत्वमा प्रवेशका लागि संरचनात्मक ढोका खोल्छ भने अर्कोतर्फ संगठनलाई समयानुकूल, जनमुखी र ऊर्जाशील बनाउँछ । त्यसपछि पिरामिड शैलीअनुसार क्रमशः माथिल्लो उमेर समूहहरुको प्रतिनिधित्व व्यवस्थित गर्दै लैजानु उपयुक्त हुन्छ जसले सन्तुलन कायम राख्छ । यसो गरिदा विशुद्ध उमेरमात्र नभएर क्षमता, योग्यता र निष्ठा लगायतका विषयलाई उचित महत्व दिन आवश्यक छ ।

## ९. वैज्ञानिक मूल्यांकन प्रणाली र विज्ञतामा आधारित विषयगत जिम्मेवारी

पार्टीमा प्रत्येक कार्यकर्ताको मूल्यांकन वैज्ञानिक प्रणाली अन्तर्गत हुन आवश्यक छ । यसप्रकारको प्रणालीले प्रत्येक सदस्यको क्षमता, योग्यता, विज्ञता, सक्रियता, निष्ठा लगायतका आधारहरुको पूर्वाग्रहरहित मापन, विश्लेषण र मूल्यांकन गर्नसक्छ । कार्यकर्ताको मूल्यांकन पारदर्शी, मापनयोग्य र परिणाममा आधारित हुनुपर्छ ।

पार्टी केन्द्रले यसप्रकारको वैज्ञानिक मूल्यांकन प्रणाली निमार्ण गर्ने र उक्त प्रणालीमा आधारित भएर जिम्मेवारी प्रदान तथा मनोनयन लगायतका कार्यहरु गर्ने थिति विकास गर्नुपर्छ । पार्टीका सबै जिम्मेवारीहरु सदस्यहरुको विज्ञता, क्षमता, योग्यता र रुचिका आधारमा तय गर्नपर्छ । यस प्रणालीलाई पार्टीका सबै कमिटीमा अनिवार्य लागु गरिनुपर्छ । पार्टी निर्णयमा कुनै पनि प्रकारको नातावाद तथा कृपावादलाई पूर्ण निषेध गर्न आवश्यक छ ।

## १०. जिम्मेवारी दिनुपूर्व अनिवार्य स्क्रिनिङ (पृष्ठभूमि जाँच)

पछिल्लो पटक नेपाली राजनीतिमा व्यक्तिले जिम्मेवारी पाए लगत्तै निजले विगतमा गरेका कामका कारण विवाद हुने गरेका थुप्रै दृष्टान्त छन् । यस्ता विवाद राजकीय मात्र हैन, पार्टीगत महत्वपूर्ण जिम्मेवारीमा समेत देखिन्छ । यस्ता विवाद आउन नदिन जिम्मेवारी दिनुपूर्व अनिवार्य स्क्रिनिङ (पृष्ठभूमि जाँच) गर्नपर्छ ।

महत्वपूर्ण जिम्मेवारी दिनुअघि व्यक्तिको पृष्ठभूमि, नैतिकता र क्षमता मूल्यांकन गर्ने प्रणाली र परिपाटी मूलतः उन्नत लोकतन्त्रहरुमा लागु गरिएको पाइन्छ । कुनै पनि संगठनको प्रभावकारिता र विश्वसनीयता

त्यसमा आवद्ध व्यक्तिहरूको चरित्र, व्यवहार र कार्यसम्पादनसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । त्यसैले नेतृत्व वा संवेदनशील भूमिकामा नियुक्ति गर्दा व्यवस्थित र वैज्ञानिक स्क्रिनिङ प्रक्रिया अपरिहार्य हुन्छ ।

यस प्रकारको स्क्रिनिङ प्रणालीले व्यक्तिको विगतका गतिविधि, सार्वजनिक छवि, संगठनप्रतिको प्रतिबद्धता, नैतिक आचरण, निर्णय क्षमता तथा संकट व्यवस्थापन गर्ने दक्षता जस्ता पक्षहरूको समग्र मूल्यांकन गर्छ । विशेषगरी राजनीतिक तथा सार्वजनिक संस्थाहरूमा जहाँ निर्णयहरूको प्रभाव व्यापक जनसमुदायमा पर्छ, त्यहाँ व्यक्तिको व्यक्तिगत इमानदारी र मूल्यप्रति प्रतिबद्धता अत्यन्त महत्वपूर्ण हुन्छ । यस्तो जाँचबिनाले भविष्यमा उत्पन्न हुनसक्ने विवाद, स्वार्थको द्वन्द्व, वा अनुचित प्रभावको जोखिमलाई न्यून गर्छ ।

## ११. नेतृत्व विकास सम्बन्धमा वैज्ञानिक प्रणालीको आवश्यकता

हालको पार्टी विधानमा युवाहरुलाई नेतृत्वमा पुग्नबाट वञ्चित गर्नेगरी विभिन्न अवैज्ञानिक, अव्यवहारिक तथा विभेदकारी प्रावधानहरु समावेश गरिएको देखिन्छ । यस्तो संरचनाले पार्टीभित्र प्रतिस्पर्धात्मक, सृजनात्मक र ऊर्जाशील नेतृत्व विकासको सम्भावनालाई कमजोर बनाएको छ । त्यसैले युवा नेतृत्व विकासलाई सुनिश्चित गर्न यस्ता प्रावधानहरुको समग्र पुनरावलोकन तथा संशोधन अपरिहार्य भएको छ ।

इतिहासलाई हेर्दा, वर्तमान शीर्ष नेताहरु स्वयं युवावस्थादेखि नै पार्टीको केन्द्रीय नेतृत्व तहमा सक्रिय रही लामो समयसम्म योगदान दिने अवसर प्राप्त गर्नुभएको थियो । यही अभ्यासले उहाँहरुमा अनुभव, दृष्टिकोण र नेतृत्व क्षमता विकास गर्ने आधार प्रदान गऱ्यो । तर आजको अवस्थामा भने २५-३५ वर्ष उमेर समूहका सक्षम, ऊर्जाशील र प्रतिबद्ध युवाहरुका लागि केन्द्रीय तहमा पुग्ने बाटो साँघुरो रहेको छ । यसले पुस्तान्तरणको स्वाभाविक प्रक्रियालाई अवरुद्ध मात्र गरेको छैन, पार्टी कमिटीलाई दीर्घकालीन रूपमा जडतातर्फ धकेल्ने जोखिम पनि बढाएको छ ।

त्यसैगरी, तत्कालीन अवस्थामा अन्य थुप्रै वरिष्ठ नेताहरुको उपस्थितिका बीच तुलनात्मक रूपमा कनिष्ठ रहनुभएका मदन भण्डारीलाई महासचिवको जिम्मेवारी दिइएको उदाहरणले देखाउँछ कि पार्टीले केवल वरिष्ठताका आधारमा होइन, क्षमता, दूरदृष्टि र जनसमर्थनका आधारमा नेतृत्व चयन गर्ने परम्परा स्थापित गरेको थियो । तर वर्तमान अभ्यास भने वरिष्ठता र पदानुक्रमको अनुत्पादक जञ्जालमा फस्दै गएको देखिन्छ, जसले 'योग्यता आधारित नेतृत्व' भन्दा 'प्रशासनिक बढुवा शैली' को संस्कृतिलाई बढावा दिएको छ ।

यस प्रकारको संरचना र संस्कृतिले तीनवटा गम्भीर असरहरु निम्त्याएको छ । पहिलो, प्रतिभाशाली युवाहरु पार्टीभित्र अवसर नपाएर निराश हुने वा वैकल्पिक क्षेत्रतर्फ मोडिने अवस्था सिर्जना भएको छ । दोस्रो, नेतृत्व तहमा विचार, ऊर्जा र नवप्रवर्तनको कमी देखिन थालेको छ । तेस्रो, पार्टीको जनाधार विशेषगरी युवा पुस्तामा कमजोर बन्दै गएको छ, जसले दीर्घकालीन राजनीतिक प्रतिस्पर्धामा पार्टीलाई कमजोर बनाउने खतरा पैदा गर्दछ ।

तसर्थ पार्टीले विभिन्न तहमा उम्मेदवार हुन आवश्यक मापदण्डहरुलाई हदैसम्म लचिलो बनाउनपर्छ ।

## १२. भ्रष्टाचारजन्य गतिविधिप्रति शून्य सहनशीलता

पार्टीले भ्रष्टाचारको आरोप लागेका जुनसुकै स्तरको नेता-कार्यकर्तालाई तुरुन्त निलम्बन गर्ने नीति अवलम्बन गर्नपर्छ र राज्यका निकायलाई निष्पक्ष छानबिनमा सहयोग गर्नपर्छ । साथै यसअघि पार्टी सरकारमा हुँदा सार्वजनिक रुपमा प्रचारित सबै भ्रष्टाचार काण्डहरुको निष्पक्ष छानबिन गर्न नेपाल सरकारसंग माग गर्नपर्छ । व्यक्तिलाई भ्रष्टाचार जस्तो गम्भीर आरोप लगाउने तर त्यसबारे कुनै छानबीन पनि नहुने र उक्त व्यक्तिले जीवनभर त्यस्तो गम्भीर आरोपको बोझ बोक्नुपर्ने प्रवृत्तिको तुरुन्त अन्त्य हुनुपर्छ । आरोपीतले अविलम्ब सजाय वा सफाई पाउनुपर्छ । यसका साथै पार्टीले प्रत्येक सदस्यहरुलाई आफ्नो निश्चित आयस्रोतमा आधारित भएर पारदर्शी जीवनयापन गर्न प्रोत्साहन गर्न आवश्यक छ ।

## १३. पार्टीमा अग्रजहरु रहेको मार्गनिर्देशन कमिटी

अग्रजहरुको अनुभव तथा युवाहरुको उर्जाको उचित समन्वय भएमा मात्र पार्टीलाई पुनःजागृत, गतिशील र दिगो बनाइराख्न सकिन्छ । विगतका सफल अभ्यास, ऐतिहासिक सन्दर्भ र नीतिगत गहिराइलाई समेट्दै वर्तमानका चुनौतीहरुसँग जुध्नका लागि अनुभवी नेतृत्वको संस्थागत प्रयोग अपरिहार्य हुन्छ । तसर्थ पार्टीमा अग्रजहरु रहेको एउटा मार्गनिर्देशन कमिटीको व्यवस्था गर्नपर्छ ।

यो कमिटीले पार्टीभित्र दीर्घकालीन दृष्टिकोण, वैचारिक स्पष्टता तथा संस्थागत स्थायित्व सुनिश्चित गर्ने भूमिका निर्वाह गर्नेछ । केन्द्रीय कमिटीका सबै महत्वपूर्ण नीतिगत तथा रणनीतिक निर्णयहरु यस कमिटीले समेत अनुमोदन गरेपश्चात मात्र पार्टी निर्णय हुने व्यवस्था गर्नपर्छ, जसले हतारमा हुने निर्णय तथा अल्पकालीन स्वार्थप्रेरित कदमलाई न्यूनीकरण गर्नेछ ।

साथै, केन्द्रीय कमिटीका निर्णयहरुलाई यस कमिटीले एकपटकसम्म पुनःविचारका लागि फिर्ता पठाउन सक्ने गरी मार्गनिर्देशन दिने अधिकार यस कमिटीलाई दिनपर्छ, जसले निर्णय प्रक्रियामा थप परिपक्वता, उत्तरदायित्व र सन्तुलन ल्याउनेछ । यस कमिटीले केन्द्रीय कमिटीलाई वैचारिक दिशा, संगठनात्मक सुधार तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशसँग सुसंगत नीतिगत विषयहरुमा नियमित मार्गदर्शन गर्ने व्यवस्था गर्नपर्छ ।

यस अर्थमा यो कमिटी केवल सल्लाह दिने संरचना मात्र नभई, अनुभवमा आधारित संस्थागत 'चेक एन्ड ब्यालेन्स' को रुपमा कार्य गर्नेछ । यसले पार्टीभित्र पुस्तान्तरणलाई स्वस्थ, व्यवस्थित र परिणाममुखी बनाउँदै नेतृत्वबीचको विश्वास अभिवृद्धि गर्नेछ । त्यसैले, यो कमिटी हाल रहेको केन्द्रीय सल्लाहकार परिषद् भन्दा पृथक, उत्तरदायी र प्रभावकारी हुनेछ ।

## १४. समाजमा रोलमोडल हुनसक्ने नेता कार्यकर्ता

कक्षामा सबैभन्दा उत्कृष्ट विद्यार्थी अनेरास्ववियुको सदस्य हुने र समाजमा पढेलेखेका, आलोचनात्मक चेत भएका शिक्षक तथा अगुवाहरु पार्टीका नेता-कार्यकर्ता हुने परम्परा र इतिहास भएको पार्टी हो नेकपा

(एमाले) । समाजमा आइपर्ने कुनै पनि समस्याहरु समाधान गर्नपर्दा, मेलमिलाप गराउनपर्दा खोजीने पात्रहरु हुनेगर्थे नेकपा (एमाले) का नेता-कार्यकर्ता । पुनः एकपटक नेकपा (एमाले) का नेता कार्यकर्ता समाजका रोलमोडल हुनसक्ने गरेर हामीले हाम्रा गतिविधि, व्यवहार र कार्यशैलीलाई परिवर्तन गर्नपर्छ ।

### १५. पेशा व्यवसायप्रति प्रोत्साहन र शून्य पूर्णकालिन कार्यकर्ता

राजनीतिलाई पेशागत निर्भरता होइन, सामाजिक सेवा बनाउनु आवश्यक छ । सबै सदस्यहरूलाई उत्पादनशील पेशामा संलग्न हुन प्रेरित गर्नुपर्छ र पूर्णकालीन कार्यकर्ता भएको नाममा पार्टीमा जिम्मेवारी र पद खोज्ने प्रवृत्तिको अन्त्य गर्नपर्छ । यसले आर्थिक पारदर्शिता र आत्मनिर्भरता बढाउँछ ।

अब कार्यालय संचालन गर्न तलब भत्ता पाउने कर्मचारी, स्वयंसेवक र विभिन्न गतिविधिहरुमा आवश्यकता अनुरुप विज्ञहरु मात्र पूर्णकालिन रुपमा पार्टी काममा संलग्न रहने नीति अवलम्बन गर्न आवश्यक छ ।

नेकपा (एमाले) को पुनर्जागरण नेतृत्व परिवर्तनले मात्र सम्भव छैन; यसको लागि संस्थागत रुपान्तरण, लोकतान्त्रिक कार्यशैली, युवामैत्री सांगठनिक संरचना र जनतासँगको जीवन्त सम्बन्ध पुनःस्थापित गर्नपर्छ । 'NextGen एमाले : जनतातर्फ, जरातर्फ !' अभियान पार्टीलाई पुनःजीवन्त, विश्वसनीय र जनप्रिय बनाउने एक व्यापक रूपान्तरण अभियान हो । अबको एमाले अतीतको गौरवमा मात्र होइन, भविष्यको सम्भावनामा उभिनुपर्छ ।

*तपाई पनि यस छलफल र विचार विमर्शमा तल दिइएको **QR Code** मार्फत सहभागी बन्नुहोस् ।*